शोध-संक्षेप

अंक ३६ माघ २०७९

# "पैरवीका लागि लेखन"

# मधेश प्रदेशमा पैदल अनुसन्धान पहल

MARTIN CHAUTARI

मार्टिन चौतारी

"पैरवीका लागि लेखन"

# मधेश प्रदेशमा पैदल अनुसन्धान पहल

मार्टिन चौतारी

**"पैरवीका लागि लेखन" : मधेश प्रदेशमा पैदल अनुसन्धान पहल**

पहिलो संस्करण : २०७९ (सन् २०२३)

Preferred citation
मार्टिन चौतारी । २०७९ । *"पैरवीको लागि लेखन" : मधेश प्रदेशमा पैदल अनुसन्धान पहल* । शोध-संक्षेप ३६ । काठमाडौँ : मार्टिन चौतारी ।

सर्वाधिकार © मार्टिन चौतारी

*प्रकाशक*
मार्टिन चौतारी
२७ जीतजंग मार्ग, थापाथली
पो.बक्स नं. १३४७०
फोन +९७७-१-५३३८०५०/४१०२०२७
chautari@mos.com.np
www.martinchautari.org.np

## परिचय

यो शोध-संक्षेप मार्टिन चौतारीको पैदल अनुसन्धान (बेयरफुट रिसर्च) परियोजनाको उपज हो ।[1] पैदल अनुसन्धान पहलले समाज विज्ञानको क्षेत्रमा अनुसन्धान गर्ने अवसरबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा वञ्चित भएकाहरूलाई समावेश गर्नका लागि पैरवी गर्छ, र भुइँ तहबाट उत्पादन हुने ज्ञानको प्रसारलाई सहज बनाउँछ । विशेष गरी, भुइँ तहका नागरिकहरूलाई तिनको आफ्नो पैरवीको अभिलेखीकरण गर्ने क्षमताको अभिवृद्धि गर्न र उनीहरूले उठाएका मुद्दाहरूलाई तल्लो तहदेखि प्रादेशिक र राष्ट्रिय तहसम्म पुऱ्याउन सहज बनाउन यो पहलले खोज्छ । अधिकारमा आधारित अनुसन्धान-पैरवीको दायरा फराकिलो बनाउन पैदल अनुसन्धान पहलले मद्दत गर्छ ।

पैदल अनुसन्धान पहलको पहिलो चरणमा नेपालको पश्चिम तराईका तीन जिल्ला (नवलपरासी, रुपन्देही र कपिलवस्तु) मा नोभेम्बर २०१७ देखि जुन २०१९ सम्म परियोजना सञ्चालन गरिएको थियो । पहिलो चरणबाट सिकेका पाठले (मार्टिन चौतारी सन् २०२०; साह र महर्जन सन् २०२०) हामीलाई डिसेम्बर २०२० देखि जनवरी २०२२ सम्म मधेश प्रदेशमा दोस्रो चरण विस्तार गर्न सघायो । मुख्यतः मधेश प्रदेशमा परियोजनाको दोस्रो चरण व्यवस्थापन/कार्यान्वयन गर्दाका अनुभवलाई यो शोध-संक्षेपमा समेटिएको छ ।

दोस्रो चरणका अनुभव र नतिजाबारे छलफल गर्दा तीन ओटा सन्दर्भ ख्याल राख्नुपर्छ । पहिलो, नेपालको ज्ञान उत्पादन परिदृश्यमा असमानता छ, जसमा मुख्यतया काठमाडौँ-केन्द्रित नागरिक समाजको वर्चश्व छ । त्यसै गरी, मधेश प्रदेशमा मानविकी तथा समाज विज्ञानको अध्यापन र अनुसन्धानको अवस्था निकै दयनीय छ (मार्टिन चौतारी सन् २०२२) । यी तथ्यलाई ध्यानमा राख्दै पैदल अनुसन्धान पहलले मधेश प्रदेशमा लोकतान्त्रिक रूपमा ज्ञान उत्पादन गर्न भुइँ तहमा आधारित व्यक्तिगत र नागरिक समाजको संस्थागत क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकारमा बाँडिएको

[1] यो पहलबारे जानकारीको लागि मार्टिन चौतारी (सन् २०२०) हेर्नुहोस् । यो पहलको उपजको लागि साह र महर्जन (सन् २०२०) हेर्नुहोस् ।

राज्य व्यवस्थामा यो पहलले काठमाडौँ उपत्यका बाहिरबाट उत्पादित ज्ञानको दस्तावेजीकरण गर्दै निश्चित ढाँचामा सोको प्रसार गर्न सघाउने लक्ष्य राखेको छ ।

दोस्रो, पैदल अनुसन्धानको प्रयोग अन्य अनुसन्धान अभ्यासभन्दा भिन्न हुने तर्क गर्न यसलाई "अनुसन्धानको अधिकार" (अप्पादुराई सन् २००६), "आकांक्षिक क्षमता" (अप्पादुराई सन् २००४) र "लोकतान्त्रिक नागरिक अधिकार" (ड्रेज सन् २००२) जस्ता विश्लेषणात्मक कोण प्रयोग गरिएको छ ।[२] यी विश्लेषणात्मक कोणले हामीलाई अनुसन्धानको लोकतन्त्रीकरण गर्ने सम्भावनाको अन्वेषण गर्न मद्दत गर्छन् । अप्पादुराई (सन् २००६) को "दस्तावेजीकरण मार्फत हस्तक्षेप" को सिद्धान्त अनुसार सामान्य शैक्षिक पृष्ठभूमिका मानिसहरूले पनि अनुसन्धानको अवधारणालाई व्यापक बनाउन ढोका खोल्न सक्छन् । अनुसन्धान गर्ने अधिकार सबैलाई छ, र यो औपचारिक उच्च डिग्री भएका व्यक्तिहरूको मात्र विशेषाधिकार होइन । अनुसन्धानको यस्तो परिभाषाले भुईं तहका अभियन्तामा अनुसन्धानको आकांक्षा उत्पन्न गर्न मद्दत गर्छ, जो औपचारिक शिक्षा, तालिम, मेन्टरिङ, सामाजिक पूँजी, आर्थिक सुरक्षा र सांस्कृतिक/राजनीतिक सम्बन्ध जस्ता ज्ञानका पूर्वाधारको अभाव वा तिनको असमान वितरणका कारण ज्ञान उत्पादन गर्ने कामबाट वञ्चित छन् । हामीलाई थाहा छ, लोकतन्त्रमा सहभागी हुन सामाजिक रूपमा मूल्यवान लक्ष्य प्राप्तिको अधिकारबारे जानकारी हुन आवश्यक छ । पैदल अनुसन्धान पहलको जोड अनुसन्धान/ज्ञान उत्पादनमा आम नागरिकको पहुँच र आकांक्षा अभिवृद्धि गर्नु हो, जसले लोकतान्त्रिक नागरिक अधिकारको अभ्यास गर्न सघाउँछ ।

तेस्रो, पैदल अनुसन्धान प्राज्ञिक अनुसन्धानको अभ्यास होइन, जुन मुख्यतया अनुसन्धान गरिने विषय बारेको पूर्व साहित्यको जगमा निर्माण हुन्छ । त्यसको सट्टा, यो अभियन्ता/अनुसन्धानकर्ता आफैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजेको अनुसन्धानसँग सम्बन्धित छ । आफूले जिएका-भोगेका विषय वरिपरि अनुसन्धान गर्ने विचार र रणनीति बनाएपछि उनीहरू क्षमता अभिवृद्धि कार्यक्रमको एउटा भागको रूपमा रहेको मेन्टरिङको प्रक्रियाबाट गुज्रन्छन् । यसबाट उनीहरूले आफ्नो पैरवी र अनुभवलाई अभिलेख गर्न र अभिव्यक्त गर्न सिक्छन् । साथै,

[२] यी विश्लेषणात्मक कोणको संक्षिप्त चर्चाको लागि मार्टिन चौतारी (सन् २०२०) हेर्नुहोस् ।

उनीहरूले आफ्ना अनुसन्धानका निष्कर्षहरू वर्णन गर्न समेत सिक्छन्, जसले गर्दा समाजमा "विमर्शात्मक लोकतन्त्र" ले प्रश्रय पाउँछ । यो सिकाइ पश्चात् उनीहरूले स्थानीयदेखि केन्द्रीय सरकार सम्मका नीति-निर्माणमा प्रभाव पार्ने र योगदान गर्ने क्षमता अझै बढाउन सक्छन् ।

यो शोध-संक्षेपमा परिचय बाहेक तीन खण्ड छन् । आउने खण्डले मधेश प्रदेशमा पैदल अनुसन्धानको योजना कसरी बनाइयो र कार्यान्वयनमा ल्याइयो भन्ने जानकारी दिन्छ । त्यस पछिको खण्डले केही पैदल अनुसन्धानकर्ताको अनुसन्धानलाई संक्षेपमा प्रस्तुत गर्छ, र यो पहलमा सहभागितापछि उनीहरूको क्षमता बढेको प्रमाण उनीहरूकै भनाइबाट प्रस्तुत गरिन्छ । अन्तिम खण्डको निष्कर्षात्मक टिप्पणीले मधेश प्रदेशमा मानविकी र समाज विज्ञानको शिक्षण तथा अनुसन्धानमा देखिएका चुनौती[३] माझ पनि सामाजिक-राजनीतिक विषयमा प्रयोगात्मक अनुसन्धान गर्ने पहलका रूपमा पैदल अनुसन्धानलाई लिन सकिने सम्भावनामा जोड दिन्छ ।

## मधेश प्रदेशमा पैदल अनुसन्धान पहल

हामीले तीन ओटा सन्दर्भलाई ध्यानमा राखी मधेश प्रदेशमा पैदल अनुसन्धानको योजना बनाई त्यसको व्यवस्थापन र कार्यान्वयन गर्‍यौँ । पहिलो, विभिन्न स्रोतहरू मार्फत मधेश प्रदेशमा थोर-बहुत अनुसन्धान भइरहेकै छ तापनि त्यहाँका मानविकी तथा समाज विज्ञानका विषय पढाउने कलेजहरूले दक्ष अनुसन्धानकर्ता उत्पादन गर्न सकिरहेका छैनन् (मार्टिन चौतारी सन् २०२२) । साथै, त्यहाँका मानविकी तथा सामाजिक शास्त्र संकायमा हुने पढाइको खस्कँदो अवस्था हेर्दा यो संकट तत्काल हट्ने सम्भावना छैन । तसर्थ, मधेश प्रदेशमा समाज विज्ञानका अनुसन्धानकर्ताहरू तयार पार्ने सन्दर्भमा थोरै भए पनि योगदान हुनसक्ला भनी पैदल अनुसन्धानको अवधारणा कार्यान्वयन गर्ने योजना बनाइएको थियो । यसका लागि हामीले अनुभवजन्य ज्ञान भएका र आफूले अभ्यास गरिरहेका विषयबारे लेख्न इच्छुक व्यक्तिहरू खोजी गर्‍यौँ । ती व्यक्ति स्थानीय रूपमा सक्रिय नागरिक समाजका सदस्य अथवा व्यक्तिगत वा सामूहिक अधिकारका लागि पैरवी गरिरहेका

[३] विस्तृत जानकारीका लागि मार्टिन चौतारी (सन् २०२२) हेर्नुहोस् ।

हुनुपर्थ्यो। उनीहरूलाई प्राज्ञिक अनुसन्धानकर्ता बनाउनेभन्दा पनि उनीहरू आफैले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सञ्चालन गरेको वा संलग्न भएको सामाजिक अभियान वा पैरवीलाई लेख्य रूपमा अभिव्यक्त गर्न वा दस्तावेजीकरण गर्न उत्प्रेरित गराउने हाम्रो ध्येय थियो । त्यसैले, खोजीका क्रममा हाम्रो मुख्य ध्यान उनीहरू त्यस्तो काम गर्न दिलैदेखि रुचि राख्छन् कि राख्दैनन् भन्नेमा थियो ।

दोस्रो, सीमित संख्यामा मात्र अनुसन्धानकर्ता सहभागी गराए पनि हामीले लैंगिक, वर्गीय, भौगोलिक र जातीय विविधता सुनिश्चित गर्न सक्दो प्रयास गरेका छौँ। साथै, मधेश प्रदेशमा यसअघि तुलनात्मक रूपमा कम अनुसन्धान भएका सामाजिक घटना, विषयवस्तु र प्रक्रियाहरू हामीले खोज्यौँ। यो प्रतिनिधित्व र खोजी पैदल अनुसन्धान पहललाई सकेसम्म समावेशी बनाउने हाम्रो प्रयासको एक हिस्सा थियो ।

आफ्नो पैरवी/अनुभवलाई लेख्य रूपमा दस्तावेजीकरण गर्न प्रतिबद्ध पैदल अनुसन्धानकर्ताको खोजी र छनोट प्रक्रिया सन् २०२१ का धेरै महिनासम्म चल्यो। यो क्रममा हामीले धेरै व्यक्तिसँग सम्पर्क गर्‍यौँ। ती व्यक्तिसम्म पुग्नुअघि हामीले उनीहरूको पृष्ठभूमिबारे प्राथमिक तथा द्वितीय स्रोतका आधारमा एक चरणको अनुसन्धान गर्‍यौँ। द्वितीय स्रोतका रूपमा, मधेशलाई आधारभूमि बनाई काम गरेका स्वतन्त्र प्राज्ञिक, सामाजिक र मिडिया संस्था तथा तिनमा संलग्न व्यक्तिबारेका विभिन्न प्रकाशन, प्रतिवेदन, आदिको अध्ययन गर्‍यौँ । त्यस्तै, प्राथमिक स्रोतका रूपमा, उपयुक्त व्यक्तिको पहिचानका लागि स्थानीय क्षेत्रमा लामो समय काम गरेका र त्यहाँको सन्दर्भमा प्राथमिकतामा रहेका मुद्दा तथा त्यसमा डुबेर काम गरिरहेका व्यक्तिहरूबारे बुझेका दुई जना सार्वजनिक बौद्धिकको सहयोग र सुझाव पनि लियौँ।[४] उपयुक्त व्यक्ति पहिचान गर्न र उनीहरूसम्म पुग्न हामीलाई यसले मद्दत गर्‍यो । सामाजिक अभियन्ता र नागरिक संस्थाहरूको मधेश प्रदेशमा रचनात्मक भूमिका सीमित भएकाले यो छनोट प्रक्रिया चुनौतीपूर्ण थियो।[५] प्रारम्भिक रुचि देखाउनेहरूले एक साताको औपचारिक अभिमुखीकरण

[४] सप्तरीस्थित दलित सरोकार मञ्चका अध्यक्ष भोला पासवान र पत्रकार चन्द्रकिशोर।

[५] पैदल अनुसन्धान पहलको पहिलो चरण लागू भएको पश्चिमी तराईमा पनि अवस्था उस्तै थियो (मार्टिन चौतारी सन् २०१९)।

कार्यशालामा भाग लिए । स्थानीय तवरमा सान्दर्भिक केही महत्त्वपूर्ण सामाजिक-राजनीतिक मुद्दाबारे सम्बन्धित क्षेत्रका विज्ञहरूले कार्यशालामा प्रस्तुति दिनुका अतिरिक्त सहभागीहरूसँग सघन अन्तर्क्रिया गरे । सहभागीहरूले पनि आ-आफ्ना प्रस्तावित अनुसन्धान अवधारणा पनि कार्यशालामा प्रस्तुत गरे । उपस्थित विज्ञ र अन्य सहभागी प्रशिक्षार्थीहरूले सुझाव र प्रतिक्रिया दिए । आ-आफ्ना अनुसन्धान अवधारणामा गरिनुपर्ने सुधारबारे सहभागीहरूले यसबाट जानकारी पाए ।

तेस्रो, पैदल अनुसन्धानमा सहभागी हुन चाहनेलाई उनीहरूको अनुसन्धान र लेखनका लागि निरन्तरको तालिम र सल्लाह-सुझाव (मेन्टरिङ) को जरुरी थियो । एक-दुई पटक भेला गरेर प्रशिक्षण दिने, र घर पठाउने ढाँचाका तालिमहरूका सीमाबारे हामी जानकार थियौँ ।[६] त्यसैले, पहिलो अभिमुखीकरण कार्यशालाका सहभागी मध्येबाट र त्यसमा सहभागी हुन नभ्याएका अन्य केही अधिकारकर्मी सहित १५ जनाको एउटा समूह बनायौँ, जो आफूले प्रस्ताव गरेको अनुसन्धान र लेखनका लागि झण्डै एक वर्ष लामो समय दिन र आवश्यक मेहनत गर्न प्रतिबद्ध थिए ।[७] र, सो समूहलाई प्रशिक्षण कार्यक्रममा सहभागी गरायौँ । त्यस क्रममा उनीहरूले थप केही चरणका औपचारिक सामूहिक प्रशिक्षण पाउनुका साथै व्यक्तिगत रूपमा तोकिएका मेन्टरहरूबाट आफ्नो अनुसन्धान र लेखनका लागि विभिन्न चरणमा सल्लाह-सुझाव प्राप्त गरे । यी प्रशिक्षण र मेन्टरिङ पैदल अनुसन्धान पहलका मुख्य गतिविधि थिए । छानिएका १५ जना सहभागीका भिन्न क्षमतालाई ध्यानमा राख्दै उनीहरूको आवश्यकता पहिचान गर्नु र सबै अनुसन्धानकर्ताका लागि उपयोगी हुने सामूहिक प्रशिक्षण ढाँचा तयार गर्नु चुनौतीपूर्ण थियो । यस बाहेक, उनीहरूलाई सम्पादकीय सहयोग पनि दिइयो । अबको खण्डमा यस कार्यक्रमका सहभागीमध्ये पाँच जनाले गरेका कामको संक्षिप्त विवरण दिइन्छ ।

[६] यसरी दिइने तालिमहरू कतिसम्म कर्मकाण्डी हुन्छन् र तिनको प्रभावकारिता किन देखिँदैन भन्ने बारेको अनुभवात्मक टिप्पणीका लागि भट्ट (२०७७) हेर्नुहोस् ।

[७] यस क्रममा उनीहरूको आफ्नो नियमित कामलाई जारी राख्न भने कुनै बाधा थिएन ।

## केही पैदल अनुसन्धानकर्ताका अनुसन्धानको सारांश

माथि भनिए झैँ, यी विचार उनीहरूको पैरवी/अनुभवबाट निःसृत हुन्, जुन पैदल अनुसन्धान पहलको उपजको रूपमा रहेका छन् । यो उपजलाई अब "अनुसन्धानमा आधारित पैरवी" को आधार बनाउन सकिन्छ । यसले नेपाली सार्वजनिक जीवनका अभियन्ता, पत्रकार, प्राज्ञिक अनुसन्धानकर्ता र नीति-निर्माता लगायत अरूका लागि सन्दर्भ-स्रोतको रूपमा काम गर्न सक्छ । हामी यी अनुसन्धानकर्ताले पैदल अनुसन्धान पहलमा सहभागी भएर हासिल गरेका उपलब्धि पनि देखाउनेछौँ । त्यसका लागि उनीहरूको पहिलेको शैक्षिक, व्यावसायिक र कार्यगत अनुभवको पृष्ठभूमिमा पैदल अनुसन्धानका क्रममा उनीहरूले गरेका अनुभव र उपलब्धिबारे अनौपचारिक कुराकानीका क्रममा हालै व्यक्त गरेका भनाइ राख्नेछौँ ।

### *दलित भूमिहीनता*

पछिल्लो तथ्यांक अनुसार मधेश प्रदेशमा दलितको जनसंख्या १७.२९ प्रतिशत छ (निर्वाचन आयोग २०७९ : ४३) र प्रत्येक सामाजिक सूचकमा उनीहरू अन्य सामाजिक समूहको तुलनामा निक्कै पछाडि छन् । उनीहरूको सीमान्तीकरणको एउटा प्रमुख कारण भूमिहीनता हो । भूमिहीनहरूको भूमिमा पहुँच बढाउन नेपाल सरकारले प्रयास गरेको छ । तर, त्यस्ता प्रयासबाट मधेसी दलितहरूले खासै फाइदा पाएका छैनन् ।

दलित समुदायको भूमि अधिकारका लागि संघर्षरत अभियन्ता ओमप्रकाश रामले यसै मुद्दालाई आफ्नो अध्ययनको विषय बनाएका छन् । र, भुईं तहका दलितका सरोकार, संघर्ष र पीडाको अभिलेखांकन गरेका छन् । रौतहट जिल्लाको गुजरा नगरपालिकाको वडा नं. २ र ७ मा भूमि पाउनै लागेका दलितलाई पनि कसरी भूमिहीन बनाई राखिन्छ भन्ने रामले देखाएका छन् । सन् १९५० को दशकदेखि अहिलेसम्म विभिन्न सरकारले १४ ओटा भूमि आयोग गठन गरिसके पनि दलित भूमिहीनताको समस्या अद्यापि कायम छ (घिमिरे सन् २०२१), किनभने उनीहरूसँग आफू बसेको भूमिमा आफ्नो अधिकार दाबी गर्ने कागजी प्रमाण छैनन् । यस बाहेक, उनीहरूका धेरै बस्तीहरू सार्वजनिक जग्गा (जंगल, सडक, खोला

छेउ, सरकारी जग्गा आदि) मा भएकाले त्यस्ता जग्गालाई आफ्नो नाममा दर्ता गर्न प्रक्रियागत रूपमा गाह्रो छ ।

धेरै वर्षदेखि भूमि अधिकारका लागि सक्रिय ओमप्रकाश रामले आफू बसेको ठाउँ नजिकको क्षेत्रलाई आफ्नो अनुसन्धान-स्थल बनाएका छन् । समुदाय सँगको उनको सम्बन्धले उनलाई तथ्य संकलन गर्न र मधेश प्रदेशमा दलितको भूमिहीनता निम्त्याउने प्रक्रियाहरू विश्लेषण गर्न मद्दत गऱ्यो । शिक्षाशास्त्रमा स्नातक उनले विभिन्न गैरसरकारी संस्थामा काम गरेका छन् । उनी राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल अन्तर्गतको रौतहट जिल्ला भूमि अधिकार मञ्चसँग आबद्ध छन् । भूमि अधिकारबाट वञ्चित बँधुवा मजदुर, जोताहा, भूमिहीन, किसान, हरुवा-चरुवा र संस्थाका भूमिमा आश्रित किसानलाई एकताबद्ध गर्न र भूमि प्राप्तिको अभियानमा लाग्न उनको संस्थाले उत्प्रेरित गर्छ ।[८] गएको एक १०–१२ वर्षमा मञ्चले उनलाई प्रशिक्षण लिने धेरै अवसर दिएको छ ।

दलित भूमिहीनताको विषयमा लेख्न उनी इच्छुक छन् कि भनेर हामीले सोध्दाको क्षणलाई ओमप्रकाश राम यसरी सम्झन्छन् :

> दलितहरूमाझ भूमिहीनताको विषयमा मैले केही समयदेखि पैरवी गर्दैआएको थिएँ । तर, अनुसन्धान के हो र अनुसन्धान कसरी गरिन्छ मलाई थाहा थिएन । मैले अनुसन्धान गर्न चाहेकै भए पनि त्यो सम्भव थिएन, किनभने मसँग अनुसन्धानबारे न तालिम थियो, न आधारभूत ज्ञान नै । … कसरी अनुसन्धानकर्ता बन्ने भनेर मेरा सिनियरहरूलाई म सोध्ने गर्थें । अनुसन्धानकर्ता बन्नको लागि पीएचडी गर्न आवश्यक रहेको उनीहरू बताउँथे । मसँग त स्नातक डिग्री मात्र थियो, त्यसैले अनुसन्धानकर्ता बन्नु मेरो बुताको काम रहेनछ भन्ने मलाई लाग्यो ।
>
> जति बेला मलाई पैदल अनुसन्धान पहलमा सामेल हुन सम्पर्क गरियो, र मैले धेरै वर्षदेखि पैरवी गर्दैआएका मुद्दाहरूमा अनुसन्धान गर्न रुचि छ कि भनेर सोधियो, त्यति बेला यो काम गर्न सकुँला भन्नेमा मलाई शंका थियो । … मलाई दलित भूमिहीनताको मुद्दामा लेख्न भनियो । तपाईंले लेखेका कुरा

[८] हेर्नुहोस् https://landportal.org/node/13225; जनवरी ५, २०२३ मा हेरिएको ।

> मानिसहरूले बुझ्छन् र तपाईंले लेखेको कुरा सान्दर्भिक छ भन्ने लाग्छ भने त्यो अनुसन्धान हो भनियो । अन्ततः अनुसन्धानको डर मेरो आत्मविश्वासमा परिणत भयो ।[९]

आफ्नो पैरवीसँग सम्बन्धित कुनै पनि कुरा उनले यसअघि प्रकाशित गरेका थिएनन् । पैदल अनुसन्धान क्रममा आफ्नो पैरवीको अनुभवबाट व्यवस्थित रूपमा उनले जानकारी संकलन गरे, र त्यसलाई विश्लेषण गरे । उनले तयार गरेको अनुसन्धानात्मक लेख उनको पैरवीकै अर्को रूप हो, जसलाई अप्पादुराई (सन् २००६) को "दस्तावेजीकरण मार्फत हस्तक्षेप" सिद्धान्तको अभ्यासको रूपमा लिन सकिन्छ ।

***बलात्कार पीडितहरूको न्यायमा पहुँच***

मधेश प्रदेशमा हुने विभिन्न किसिमका हिंसामध्ये बलात्कारबाट पीडित भएर न्याय खोज्ने महिलाले भोग्नुपरेका चुनौतीलाई गुञ्जन रायले अभिलेखबद्ध गरेकी छन् । उनले चार ओटा बलात्कारका मुद्दाको विस्तृत घटना-अध्ययनका आधारमा पीडितमाथि अनुचित सामाजिक र राजनीतिक दबाब सिर्जना गरी अदालत बाहिर मध्यस्थता गर्ने प्रवृत्तिको आलोचना गरेकी छन् । मध्यस्थता गर्ने नाउँमा महिला विरुद्धका यी जघन्य अपराधलाई सामान्य अपराधमा परिणत गरिन्छन् । फलस्वरूप, कडा सजाय पाउनुपर्ने अपराधीहरूले पनि साधारण माफी मागेका भरमा उन्मुक्ति पाउँछन् । यस्ता सामाजिक घटनाले पीडित महिलालाई न्याय खोज्ने सिलसिलामा अनेकौँ चुनौती खडा गरिदिएको उनले तर्क गरेकी छिन् ।

महोत्तरी जिल्ला निवासी गुञ्जन रायसँग मधेश प्रदेशमा महिला तथा बाल अधिकारका क्षेत्रमा काम गरेको एक दशकभन्दा लामो अनुभव छ । यसअघि उनले यो क्षेत्रकै उत्कृष्ट पत्रकारको रूपमा आफ्नो चिनारी बनाइसकेकी थिइन् । धनुषा जिल्ला अदालत जनकपुरधाममा राजपत्र-अनंकित द्वितीय श्रेणीको कर्मचारीको रूपमा पनि उनले काम गरिसकेकी थिइन् । सामाजिक कार्यकर्ताको हैसियतमा आफूलाई हिंसाको प्रत्यक्ष र अप्रत्यक्ष धम्की आए पनि बलात्कार पीडितको

[९] ओमप्रकाश रामसँग जनवरी १०, २०२३ मा गरिएको कुराकानी ।

अधिकारको पैरवी गर्दैआएकी उनले यो क्षेत्रमा उल्लेखनीय काम गरेकी छन् । सन् २०१३ देखि उनी धनुषा जिल्ला अदालत र महोत्तरी जिल्ला अदालतकी आधिकारिक मध्यस्थकर्ता पनि हुन् । "न्यायमा महिलाको पहुँचमाथि केन्द्रित न्याय क्षेत्र सुधार परियोजना" को महोत्तरी जिल्ला संयोजकको रूपमा काम गरेकीले उनी पैदल अनुसन्धान र लेखनमा सहभागी हुन प्रेरित भएकी हुन् ।

पैदल अनुसन्धान पहलमा सहभागी हुन हामीले उनलाई आमन्त्रण गर्दा गुञ्जन राय "अनुसन्धान" शब्दसँग चिन्तित थिइन् । पैरवीको आफ्नो अनुभवलाई कसरी अनुसन्धानमा ढाल्ने र दस्तावेजीकरण गर्ने भन्नेमा उनी विश्वस्त थिइनन् । उनी आफूलाई एक "अभियन्ता" ठान्थिन्, र अनुसन्धानकर्तालाई प्रचुर सैद्धान्तिक र बलियो पद्धतिगत ज्ञानको साथ तथ्यांक प्रशोधन गर्ने क्षमता, प्रशिक्षण र अनुभव भएका व्यक्तिको रूपमा सोच्थिन् । अहिले उनी भन्छिन् :

> मलाई पहिल्यै थाहा थियो कि अनुसन्धान एक कठिन यात्रा हो । यद्यपि, अनुसन्धानका लागि अवसर र अनुसन्धान क्रममा पर्याप्त सल्लाह-सुझाव दिने हो भने पैरवी-अनुभवहरूबाट प्राप्त तथ्य-तथ्यांकको दस्तावेजीकरण मात्र पनि अनुसन्धान गर्न पर्याप्त हुँदो रहेछ ।[१०]

## *प्राकृतिक सम्पदाको संरक्षण*

मधेश प्रदेशमा पैदल अनुसन्धान पहलले हामीलाई भुईं तहमा नागरिक समाजको विकास प्रक्रियाबारे बुझ्ने दृष्टिकोण दियो । हामीले यहाँ धनुषाधाम वनको रक्षामा लागिपरेका युवा अभियन्ताको "अटो-एथ्नोग्राफी" मार्फत संघर्ष-कथा पस्केका छौँ । देवनारायण मण्डल मधेश प्रदेशका एक चर्चित अभियन्ता र वातावरण संरक्षणवादी हुन् । उनी मिथिला वाइल्डलाइफ ट्रष्ट नामक संस्थाका संस्थापक प्रमुख कार्यकारी अधिकृत छन् ।[११] आफ्नो गाउँ मिथिलेश्वर मौवाही (हाल मिथिला बिहारी नगरपालिका) मा आधारभूत शिक्षा हासिल गरेपछि उनी वाणिज्यमा स्नातक गर्न भारत गए । त्यहाँ उनी वन्यजन्तु उद्धार र पुनर्वासका अभियानमा पनि संलग्न भए ।

[१०] रायसँग जनवरी ११, २०२३ मा गरिएको कुराकानी ।

[११] हेर्नुहोस् https://mwt.org.np/; जनवरी २९, २०२३ मा हेरिएको ।

त्यहाँको अनुभव बोकेर मधेश प्रदेशमा त्यस्तै काम गर्ने उनले अठोट गरे। सबैभन्दा महत्त्वपूर्ण कुरा, धनुषाधाम वनसँगको उनको बाल्यकालको सम्झना र भारतबाट फर्किएपछि उनले देखेको वनको दुरवस्थाले उनलाई वन संरक्षणबारे पैरवी गर्न प्रेरित गऱ्यो। यसैबीच, मधेश प्रदेशमा सर्प उद्धार र प्रवासी चराहरूको दस्तावेजीकरण गर्ने जस्ता कार्यपछि उनले मिथिला वाइल्डलाइफ ट्रष्ट स्थापना गरे। सो ट्रष्ट मार्फत उनले प्राकृतिक स्रोत, राष्ट्रिय वन र वन्यजन्तुहरूको संरक्षण र पुनःस्थापनाको लागि पैरवी गर्न थाले। प्रादेशिक र स्थानीय सरकारसँग उनको सुमधुर सम्बन्ध छ र उनले विभिन्न संरक्षण परियोजनामा काम गरेका छन्। अभियन्ताका रूपमा उनले अहिलेसम्म हासिल गरेका उपलब्धिलाई सिकाइ, पैरवी र अभ्यासमा उनको लगनशीलताको उपज मान्न सकिन्छ।

देवनारायण मण्डलको कथाले देखाउँछ कि कसरी मनमिल्ने स्थानीय जनतासँग हातेमालो गर्दै एक जना युवाले स्वप्रेरणाबाट सामुदायिक वनलाई तस्करहरूको पञ्जाबाट जोगाउन सके। कुनै बलियो संगठनको समर्थनबिनै उनले समुदायलाई परिचालन गरेर वन संरक्षणमा गरेको प्रयास दस्तावेजीकरण गर्न लायक थियो। भुईं तहमा नागरिक सामाजिक संस्थाले गरेको यस उदाहरणीय कार्यबाट अरू युवाहरूले पनि सिक्न र प्रेरणा लिन सक्छन्।

देवनारायण मण्डललाई पैदल अनुसन्धान पहलमा सहभागी हुन हामीले अनुरोध गर्दा अन्य सहभागी जस्तै उनी पनि शुरूमा अलमलमा थिए। के लेख्ने र कसरी लेख्ने भन्ने खाका उनीसँग थिएन। त्यति बेला उनको अनुसन्धान/अभिलेखनको संसार मधेश क्षेत्रका सरीसृप, चराचुरुंगी र अन्य वन्यजन्तुको पुनःस्थापनामा सीमित थियो। आफूलाई सामाजिक अनुसन्धानकर्ताको रूपमा कल्पना गर्नु उनका लागि अलि चुनौतीपूर्ण थियो। शृंखलाबद्ध कुराकानीपछि धनुषाधाम वनको संरक्षणका लागि आफूले गरेको संघर्षलाई अटो-एथ्नोग्राफी विधि प्रयोग गरी लेखनीमा उतार्न सकिनेमा उनी विश्वस्त देखिए। पैदल अनुसन्धान प्रक्रियाबाट गुज्रेर लेख तयार पारेपछि उनले भने, "मेरो लागि अनुसन्धानको अर्थ वैज्ञानिक अनुसन्धान थियो। तर अब म सामाजिक अनुसन्धानकर्ता पनि बन्न सक्छु भन्नेमा विश्वस्त छु।"[१२]

[१२] मण्डलसँग जनवरी ११, २०२३ मा गरिएको कुराकानी।

### *स्थानीय सरकारमा महिला*

नेपालको चुनावी प्रतिस्पर्धाको राजनीतिमा महिलाको प्रतिनिधित्व निकै न्यून रहँदै आएको छ। २०७२ सालमा नयाँ संविधान जारी भएपछि महिलाको प्रतिनिधित्वमा केही सुधार देखिएको छ । *स्थानीय तह निर्वाचन ऐन, २०७३* ले नगरपालिका र गाउँपालिकामा मेयर/अध्यक्ष र उपमेयर/उपाध्यक्ष पदका लागि उम्मेदवारी दिने दलले दुईमध्ये कम्तिमा एउटा पदमा महिला उम्मेदवार अनिवार्य समावेश गर्नुपर्ने व्यवस्था गरेको छ ।[१३] साथै, पाँच जना वडा सदस्यमध्ये एक जना दलित महिला सहित दुई जना महिला हुनुपर्ने लगायतका प्रावधान छन् । यसले गर्दा सन् २०१७ मा कुल ७५३ ओटा स्थानीय सरकारका लागि भएको चुनावमा मेयरमा २ प्रतिशत र उपमेयरमा ९२.५ प्रतिशत महिला चुनिए (महतो, पौड्याल र बरुह सन् २०१९)।

सल्मा खातुन मधेश प्रदेशको पर्सा जिल्लाको पोखरिया नगरपालिकाकी निवर्तमान उपमेयर हुन् ।[१४] नेपालमा संघीयता लागु भएपश्चात् सन् २०१७ मा भएको पहिलो स्थानीय निर्वाचनमा चुनिएका थोरै मुस्लिम महिलामध्ये उनी एक थिइन् (बिडारी सन् २०१८)। त्यसभन्दा पहिले उनी एक रेडियो पत्रकारका रूपमा काम गरिरहेकी थिइन् । पर्सा जिल्लाबाट शिक्षाशास्त्रमा स्नातक गरेकी उनले पछि बंगलादेशबाट आमसञ्चार र पत्रकारितामा स्नातकोत्तर गरेकी हुन् ।

पैदल अनुसन्धान पहल अन्तर्गत लेखिएको सल्मा खातुनको लेख पोखरिया नगरपालिकाको उपमेयरको रूपमा उनको अनुभवको अटो-एथ्नोग्राफी हो। प्रारम्भमा उनले आफ्नो तर्कलाई प्रमाणित गर्न अरू महिला उपप्रमुखका अनुभवलाई पनि समेट्ने उद्देश्य राखेकी थिइन्, किनभने उनी केवल आफ्नै अनुभवको कथनलाई मात्र "अनुसन्धान" मान्न सकिन्छ भन्नेमा विश्वस्त थिइनन् । तर अटो-एथ्नोग्राफीबारे बताएपछि उनले सो विचार छोडिन् र आफ्नै कथा लेख्न तयार भइन् ।

आफू उपमेयर हुँदाको अनुभवको "बाक्लो वर्णन" उनले आफ्नो लेखमा गरेकी छन् । स्थानीय तहमा उपमेयरका रूपमा कार्यरत महिलाहरू पितृसत्ताको गहिरो

[१३] नयाँ कानूनी प्रावधानपश्चात् स्थानीय तहमा महिलाको प्रतिनिधित्व र भूमिका सम्बन्धी आलोचनात्मक विश्लेषणका लागि तामाङ (सन् २०१८) हेर्नुहोस् ।

[१४] पैदल अनुसन्धानका लागि मार्टिन चौतारीले छनोट गर्दा उनको कार्यकाल केही महिना बाँकी नै थियो ।

जराको सिकार भएका उनको तर्क छ । स्थानीय सरकारमा सुशासन दिन चाहने महिलाका लागि पितृसत्ता प्रमुख अवरोध हो भन्ने उनको ठहर छ । खातुनको अनुभवमा आधारित लेखले स्थानीय सरकारमा निर्वाचित महिला प्रतिनिधिले स्वतन्त्रतापूर्वक प्रभावकारी काम गर्न पाउने अवस्थाको पैरवी र सुसूचित नीति तर्जुमा गर्न गहिरो अन्तर्दृष्टि प्रदान गर्छ ।[१५]

### *नागरिकता प्रमाणपत्रको लागि संघर्ष*

मधेश प्रदेश लगायत नेपालको तराईमा नागरिकता प्रमाणपत्र विहीनता एउटा प्रमुख समस्या हो । यसका दुई मुख्य कारण छन् । पहिलो हो, नागरिकता प्रमाणपत्रको वर्गीकरणसँग सम्बन्धित जटिलता । नेपालको संविधान तथा नागरिकता सम्बन्धी प्रचलित कानून अनुसार नेपालको नागरिकतालाई वंशज, अंगीकृत (वैवाहिक अंगीकृत नागरिकता समेत), गैरआवासीय र सम्मानार्थ नागरिकता गरी मुख्य चार प्रकारमा विभाजन गरिएको छ ।[१६] नेपालको संविधान २०७२ जारी हुनुअघि जन्मका आधारमा (जन्मसिद्ध) दिइने नागरिकतालाई छुट्टै वर्गमा राखिएको भए पनि नयाँ संविधान पश्चात् त्यो व्यवस्था हटाइएको छ । साथै, जन्मका आधारमा दिइने नागरिकतालाई अवस्था हेरी विभिन्न मापदण्डका आधारमा वंशज वा अंगीकृत नागरिकताभित्र पारिएको छ । आमा-बुबा दुवैले वंशजको आधारमा नागरिकता पाएकाको हकमा सन्तानले सजिलै नागरिकता पाउन सक्छन् । तर अरू किसिमका नागरिकता (विशेष गरी जन्मका आधारमा दिइने नागरिकता) पाएका व्यक्तिका सन्तानका हकमा कानूनी व्यवस्थामा आवश्यक परिमार्जन हुन नसक्दा उनीहरूले नागरिकता प्राप्त गर्ने विषय जटिल बनेको छ ।[१७] दोस्रो, नागरिकता विहीनता राष्ट्रव्यापी समस्या हो, तर यसले मधेशीलाई झन् बढी असर पारेको छ, किनभने

[१५] खातुन उपमेयर भएको एक वर्ष भएपछि उनीबारे छापिएको मिडिया रिपोर्टका लागि बिडारी (सन् २०१८) हेर्नुहोस् ।

[१६] हेर्नुहोस्, www.moha.gov.np/page/citizenship-10; जनवरी २९, २०२३ मा हेरिएको ।

[१७] हेर्नुहोस्, www.reuters.com/world/asia-pacific/nepal-fresh-turmoil-president-declines-sign-citizenship-law-2022-09-21/; जनवरी २९, २०२३ मा हेरिएको ।

सीमा क्षेत्रका भारतीय सँगको सांस्कृतिक निकटताका कारण उनीहरूको नेपाली पहिचानमाथि सधैँ शंका गरिन्छ ।

धनुषा जिल्लाको मिथिला नगरपालिकाका २४ वर्षीय जितेन्द्र कुशवाहा स्नातक तह पूरा गर्दैछन् । उनी आफ्नो नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि संघर्ष गरिरहेका एक पीडित हुन्, जो आफूजस्तै पीडितहरूलाई संगठित गर्दै केही समयपछि अभियन्ता पनि बने । जनकपुरको उच्च अदालतबाट उनको पक्षमा फैसला भए पनि उनलाई नागरिकता वितरणको एकल अख्तियारी पाएको जिल्ला प्रशासन कार्यालयले नागरिकता दिन औपचारिक (लिखित) रूपमै अस्वीकार गऱ्यो । प्रमुख जिल्ला अधिकारी (सीडीओ) को कार्यालय धनुषा सामु उनले अदालतको आदेश प्रस्तुत गर्दा पनि सीडीओ कार्यालयले नागरिकताको प्रमाणपत्र दिन मानेन । यसको कुनै कारण दिएन, अस्पष्ट जवाफ मात्र दियो ।

नागरिकता प्रमाणपत्र नपाएका कारण आफू र आफू जस्ता व्यक्तिहरूले भोग्नु परेको पीडाबारे उनले सघन रूपले दस्तावेजीकरण गरेका छन् । आफूहरूले गर्ने अभियानको दुई ओटा महत्त्वपूर्ण सान्दर्भिकता उनले यसरी खुलाउँछन् : पहिलो, दैनिक जीवनमा अत्यावश्यक "कागजी प्रमाणपत्र" को महत्त्व नबुझाइएकोले नागरिकता प्रमाणपत्रबारे नागरिकताविहीन व्यक्तिहरूमा धेरै अज्ञानता थियो/छ । दोस्रो, नागरिकताको प्रमाणपत्र पाउन उनीहरूले गरेको संघर्षले उनीहरूलाई समान नागरिकका रूपमा आफ्नो अधिकारबारे सचेत गरायो । नागरिकता प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया जतिसुकै पीडादायी र जटिल किन नहोस्, यसले उनीहरूलाई लोकतान्त्रिक प्रक्रियाप्रति भरोसा जगाउन मद्दत गरेको छ ।

पैदल अनुसन्धान पहलमा सामेल भएको समयमा नागरिकताको प्रमाणपत्र नभएको कारण जितेन्द्र कुशवाहाले आफ्नो नाउँमा बैंक खाता खोल्न वा स्थायी लेखा नम्बर समेत प्राप्त गर्न सकेका थिएनन् । त्यसैले, हामीले पैदल अनुसन्धानको पहिलो चरणका अनुसन्धानकर्ता रक्षाराम हरिजनले गठन गरेको संस्था "बेयरफुट लयर्स नेपाल" लाई सम्पर्क गऱ्यौँ । त्यसपछि रक्षारामले सर्वोच्च अदालतमा कुशवाहाको पक्षमा मुद्दा लड्दै आएका छन् । पैदल अनुसन्धान सम्बन्धी आफ्नो अनुभव कुशवाहाले यसरी सुनाए :

> मेरा धेरै साथीहरू जस्तै म पनि प्राविधिक विषय पढ्न चाहन्थेँ । तर मसँग नागरिकताको प्रमाणपत्र नभएकाले त्यो अवसर पाइन । ... पैदल अनुसन्धान पहलमा आबद्ध हुनुअघि र पछि धेरै भिन्नता पाएँ । मैले शिक्षालाई अझ गम्भीरतापूर्वक लिन थालेँ; एउटा फरक यो हो । यसैबीच नागरिकता प्रमाणपत्रका लागि मैले अदालतमा सक्रियतापूर्वक मुद्दा लड्न थालेँ । पैदल अनुसन्धानको एक हिस्साको रूपमा मेरो संघर्षबारे लेख्दा मलाई राहतको अनुभूति भएको छ । यसो गर्दा मैले आफ्नो आवाज दर्ता गर्ने, अन्यायको विरुद्ध लड्ने र सामाजिक मुद्दामा पैरवी गर्ने आत्मविश्वास पाएँ । यसैबीच अदालतले पान [स्थायी खाता नम्बर] कार्डको लागि मेरो पक्षमा फैसला गऱ्यो ।[१८] साथै, म अहिले धनुषा जिल्ला अदालतमा सर्वसाधारणका लागि लेखापढी गरिदिने इजाजतप्राप्त सहजकर्ता बनेको छु ।[१९]

कुशवाहाले नागरिकताको लागि गरेको संघर्षलाई भुईं तहबाट गरिएको "हस्तक्षेप" को रूपमा लिन सकिन्छ । उनको अनुसन्धानले एक सचेत नागरिकले राज्यसँग अर्थपूर्ण संवाद गरेको दर्शाउँछ, जुन विमर्शात्मक लोकतन्त्रको लागि आवश्यक शर्त हो । अधिकारमा आधारित नीति-पैरवीमा यसले योगदान पुऱ्याउँछ ।

## निष्कर्षात्मक टिप्पणी : पैदल अनुसन्धानको पहललाई विस्तार गर्न किन आवश्यक छ ?

माथि छलफल गरिएका पाँच ओटा उदाहरणले पैदल अनुसन्धान पहलका धेरै ओटा सकारात्मक पक्षलाई संकेत गर्छन् । पहिलो, लोकतान्त्रिक समाजका लागि सामान्य नागरिक सुसूचित हुन आवश्यक हुन्छ, र सुसूचित नागरिक बन्न उनीहरूमा अनुसन्धानको सामान्य क्षमता आवश्यक पर्छ । उल्लिखित पाँच ओटा उदाहरणबाट पैदल अनुसन्धान पहलले त्यस्ता साधारण नागरिकहरूको

[१८] स्थानीय लेखा नम्बर करयोग्य आम्दानी भएका सबै व्यक्तिहरूको लागि आवश्यक छ ।

[१९] कुशवाहासँग जनवरी ९, २०२३ मा गरिएको कुराकानी । पैदल अनुसन्धानकर्ताका रूपमा उनले लेखेको लेख अन्तिम चरणमा पुग्दै गर्दा कुशवाहाले सर्वोच्च अदालतको सेप्टेम्बर १५, २०२२ को आदेश अनुसार जनवरी २९, २०२३ मा जिल्ला प्रशासन कार्यालय, धनुषाबाट नागरिकता पाएका छन् ।

"अनुसन्धानको अधिकार" दाबी गर्ने क्षमता बढाउँछ भन्ने देखाउँछ, जसले अन्ततः उनीहरूलाई "लोकतान्त्रिक नागरिक अधिकार" उपभोग गर्न मद्दत गर्छ ।

दोस्रो, भुईं तहको अनुसन्धानलाई लोकतन्त्रीकरण गर्ने सम्भावना प्रचुर रहेको यी उदाहरणले देखाउँछन् । अनुसन्धानको लोकतन्त्रीकरणका सन्दर्भमा कम्तीमा दुई पक्षमा यहाँ प्रकाश पार्न सकिन्छ । एउटा पक्ष हो : अनुसन्धान कसले गर्ने ? अनुसन्धान बारेको परम्परागत बुझाइ के छ भने अनुसन्धान केवल "विशेषज्ञ" हरूले मात्र गर्न सक्छन्, जो यसका लागि प्रशिक्षित छन् । कुनै "विशेषज्ञता" नभएकाले आफू अनुसन्धान गर्न योग्य छैन भन्ने सोचाइका कारण सामान्य नागरिकमा अनुसन्धानप्रति संकोच छ । तर, अनुसन्धान उच्च औपचारिक डिग्री भएका व्यक्तिहरूको विशेषाधिकार होइन भन्ने तथ्यलाई पैदल अनुसन्धान पहलले व्यावहारिक रूपमा प्रदर्शन गरेर त्यो संकोचबाट केही मुक्ति दिलाउँछ । माथि उल्लेख गरिएका पैदल अनुसन्धानकर्ताका भनाइले पनि यसलाई पुष्टि गर्छ । त्यसैले, पैदल अनुसन्धान कार्यक्रम "अनुसन्धानको अवधारणालाई संकुचित घेराबाट बाहिर ल्याउने र यसलाई अझ व्यापक रूपमा उपलब्ध गराउने" (अप्पादुराई सन् २००७ : १७६) एउटा संस्थागत प्रयास हो भनेर हामी भन्न सक्छौँ । यो संस्थागत किन पनि हो भने, सानो स्तरमा भए पनि, नेपालका दुई फरक भागमा लागु गरिएको पैदल अनुसन्धान पहललाई हामीले अनुसन्धानको क्षेत्रमा भुईं तहका व्यक्तिहरूलाई समावेश गर्ने एउटा नयाँ तरिकाको रूपमा प्रस्तुत गरेका छौँ ।

अर्को पक्ष छ : अनुसन्धान केलाई मान्ने ? यो प्रश्नको जवाफ सामाजिक अनुसन्धान अभ्यासमा देखापर्ने विधिहरूको राजनीतिसँग सम्बन्धित छ । समाजशास्त्री माइकल बुरावे समाज विज्ञानलाई प्रान्तीयकरण (प्रोभिन्सियलाइज) गर्न आह्वान गर्छन् । अर्थात्, समाज विज्ञानको जुन कथित वैश्विकता, विधागत विभाजन, र अनुसन्धान-विधि छ त्यसलाई स्थानीय परिवेशको वैशिष्ट्य र उत्पादनको विशेष सन्दर्भ हेरेर आफ्नो धरातलमा ओराल्नुपर्छ भन्ने उनको सुझाव छ (बुरावे सन् २००५ : ५०८–५०९) । उनको यो सुझाव हाम्रो पैदल अनुसन्धान पहलमा पनि सान्दर्भिक छ । माथि उल्लेख गरिए झैँ, आफूहरूले गरिरहेका पैरवीका क्रममा हासिल गरेका अनुभव र दैनिक रूपमा देखे/सुनेका कथाहरू नै पैदल अनुसन्धाताका प्राथमिक तथ्यांक भए । उनीहरूको लिखित कथनमा उनीहरूकै

आफ्ना अनुभवलाई एकत्रित गरी अभिव्यक्त गर्ने क्षमता प्रदर्शन गर्न हामीले आग्रह गऱ्यौँ। मधेश प्रदेशको सांस्कृतिक, राजनीतिक र सामाजिक परिवेशमा यो अभ्यास आधारित छ ।

तेस्रो, पैदल अनुसन्धान पहलमा स्थानीय क्षेत्रमा विगतका अनुसन्धानले नसमेटेका कारण सापेक्षिक रूपले ओझेल परेका तर स्थानीय परिवेशमा महत्त्वपूर्ण सामाजिक-राजनीतिक विषयवस्तुलाई प्राथमिकता दिइयो । उच्च शिक्षाका क्षेत्रीय संस्थाहरू संकटमा रहेको कारण नयाँ अनुसन्धानकर्ताहरूको उत्पादन कम भएकोले पनि केही विशेष मुद्दामा अनुसन्धान हुन सकेको छैन (मार्टिन चौतारी सन् २०२२)। पत्रकारिता संस्था लगायत अन्य नागरिक सामाजिक संस्थाहरू ती विषयवस्तुलाई स्वतन्त्र रूपमा बलियो र निरन्तर रूपमा उठाउन, वा रिपोर्ट गर्न सक्षम छैनन् भन्ने तथ्यतर्फ पनि यसले ध्यानाकर्षण गराउँछ । पैदल अनुसन्धानकर्ताहरूले गरेका कामले केही महत्त्वपूर्ण विषयलाई प्राज्ञिक, नीतिगत वा सार्वजनिक बहसमा ल्याएको र ती विषयमा सापेक्षिक रूपले स्पष्टता प्रदान गरेको छ ।[२०] यस्तो सार्वजनिक संलग्नताले मधेश प्रदेश र अन्यत्र नागरिक समाजको महत्त्वपूर्ण भूमिकालाई विस्तार गर्नेछ, र भुईं तहमा आधारित अनुसन्धान-पैरवीको महत्त्वको सार्वजनिक मान्यतालाई बलियो बनाउनेछ । भुईं तहका अभियन्ताबाट निस्कने स्थानीय ज्ञानको यस्तो मान्यताले नेपालको लोकतन्त्रको सामाजिक जीवनलाई प्रगाढ बनाउनेछ । यी सकारात्मक पक्ष र नतिजाहरूले पैदल अनुसन्धान पहललाई नेपालका अरू ठाउँमा विस्तार गर्न आवश्यक छ भन्ने पुष्टि गर्छन् ।

[२०] मधेस *दृष्टि पत्रिका*का सम्पादक विश्वमणि पोखरेलका अनुसार "मधेस प्रदेशका सामाजिक-राजनीतिक विषयबारे यसै क्षेत्रका स्थानीय पत्रपत्रिकामा सामग्रीको अभाव छ । यो क्षेत्रका अखबारका पानाहरू भने काठमाडौँको सञ्चार माध्यममा समेटिएका विषयवस्तुले भरिएका हुन्छन् । हामी निरन्तर स्थानीय सामग्रीको खोजीमा छौँ । [त्यसैले] अनुसन्धानको मस्यौदालाई अन्तिम रूप दिएपछि [पैदल] अनुसन्धानकर्ताहरूको सामग्रीलाई वैचारिक लेखको रूपमा प्रकाशित गर्ने योजना बनाएका छौँ।" पोखरेलसँग डिसेम्बर १६, २०२२ मा गरिएको कुराकानी।

**कृतज्ञता**

यो शोध-संक्षेप सर्वप्रथम मार्टिन चौतारीका अनुसन्धाता सोहन साहले अंग्रेजीमा लेख्नुभएको हो, जसलाई प्रत्यूष वन्तले सम्पादन गर्नुभएको थियो ।[२१] सो अंग्रेजी शोध-संक्षेपलाई महेशराज महर्जनले नेपालीमा अनुवाद गर्नुभई देवराज हुमागाईंले सम्पादन गरी अन्तिम रूप दिनुभएको हो । यो शोध-संक्षेप लेखन र परिमार्जनका क्रममा आवश्यक सल्लाह, सुझाव दिने मार्टिन चौतारीका अन्य अनुसन्धानकर्ताहरू हर्षमान महर्जन, देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुलीलाई पनि धन्यवाद छ । साथै, पैदल अनुसन्धान पहललाई कार्यान्वयन गर्न आर्थिक सहयोग गर्ने नेशनल इन्डाउमेन्ट फर डेमोक्रेसी (एनईडी) प्रति मार्टिन चौतारी आभारी छ ।

**सन्दर्भ सामग्री**

निर्वाचन आयोग । २०७९ । *मधेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका,* २०७९ । काठमाडौँ : निर्वाचन आयोग ।

भट्ट, कोमल । २०७७ । नागरिक समाजमा क्षमता विकास : अनुभवको आँखीझ्यालबाट । *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा* । हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ३१५–३३७ । काठमाडौँ : मार्टिन चौतारी ।

साह, सोहन र महेशराज महर्जन, सं. । सन् २०२० । *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि* । काठमाडौँ : मार्टिन चौतारी ।

Appadurai, Arjun. 2004. The Capacity to Aspire. In *Culture and Public Action.* Vijayendra Rao and Michael Walton, eds., pp. 59–84. Stanford: Stanford University Press.

Appadurai, Arjun. 2006. The Right to Research. *Globalisation, Societies and Education* 4(2): 167–177.

Bidari, Suresh. 2018. Salma Breaks Her Silence. *Nepali Times*. Available at www.nepalitimes.com/here-now/salma-breaks-her-silence/; accessed January 18, 2023.

[२१] अंग्रेजीमा प्रकाशित उक्त शोध-शोध संक्षेपका लागि मार्टिन चौतारी (सन् २०२३) हेर्नुहोस् ।

Burawoy, Michael. 2005. Provincializing the Social Sciences. In *The Politics of Method in Human Sciences: Positivism and Its Epistemological Others.* George Steinmetz, ed., pp. 508–525. Durham: Duke University Press.

Dreze, Jean. 2002. On Research and Action. *Economic and Political Weekly* 37(9): 817–818.

Ghimire, Binod. 2021. Land to Landless is More Political Than a Socioeconomic Issue. *The Kathmandu Post*, September 16. Available at https://kathmandupost.com/national/2021/09/16/land-to-landless-is-more-political-than-a-socioeconomic-issue; जनवरी २९, २०२३ मा हेरिएको।

Mahato, Sanjaya, Bimala Rai Paudyal and Nandita Baruah. 2019. Women in Public Life in Nepal. In *The Politics of Change: Reflections on Contemporary Nepal*. Deepak Thapa, ed., pp. 54–82. Kathmandu: Himal Books.

Martin Chautari. 2019. *Institutional Assessment of Rights-based Advocacy in the Western Tarai*. Research Brief No. 25. Kathmandu: Martin Chautari.

Martin Chautari. 2020. *"Writing as an Activism": Barefoot Research Initiative in Nepal.* Research Brief No. 29. Kathmandu: Martin Chautari.

Martin Chautari. 2022. *The State of Humanities and Social Sciences: Teaching and Research in the Madhesh Province, Nepal*. Research Brief No. 33. Kathmandu: Martin Chautari.

Martin Chautari. 2023. *"Writing for Advocacy": The Barefoot Research Initiative in the Madhesh Province of Nepal*. Research Brief No. 36. Kathmandu: Martin Chautari.

Tamang, Seira. 2018. "They've Given Us the Chair, But Bound Our Hands and Feet": Embedding Elected Female Representatives in Institutions in Nepal. *Studies in Nepali History and Society* 23(2): 309–352.

सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु मार्टिन चौतारीको शुरू देखिकै उद्देश्य हो । नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ । यहाँ सातामा दुई दिन विविध विषयमा छलफल हुन्छ । यस बाहेक सत्ता संरचनामा आइरहेको परिवर्तन, ज्ञान उत्पादनका स्थल र संस्थाका चरित्र र गतिविधि, र नेपाली समाजमा भइरहेको भौतिक रूपान्तरणका विभिन्न आयाम जस्ता विषयमा गणतान्त्रिक बहुलताको सन्दर्भमा र लैंगिक, भौगोलिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोण सहित चौतारीले अनुसन्धान गर्दै आएको छ । युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो ।

अहिलेसम्म चौतारीले ११० ओटा पुस्तक, ८५ ओटा सन्दर्भ सूची, ३६ ओटा शोध-संक्षेप/नीति-पत्र तथा विभिन्न अनुसन्धान प्रतिवेदन प्रकाशन गरिसकेको छ । सन् १९९६ देखि निरन्तर प्रकाशन हुँदै आइरहेको जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र सन् २००६ देखि प्रकाशन हुन थालेको *मिडिया अध्ययन* (सन् २०१६ देखि *समाज अध्ययन* नामकरण गरिएको) को सम्पादकीय गृह पनि चौतारी हो । सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेशन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ । पुस्तकालयमा २५ हजारभन्दा बढी पुस्तक छन् ।

मार्टिन चौतारीका पाँच काम—छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय—आपसमा अन्तरसम्बन्धित छन् । समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषणमूलक अनुसन्धानमार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन् ।

**From**
Martin Chautari
27 Jeetjung Marg,Thapathali
GPO Box 13470
Kathmandu, Nepal
Tel: +977-1-4102027/5338050
Fax: +977-1-5340059
chautari@mos.com.np
www.martinchautari.org.np

______________________

______________________

______________________